# आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको

## अर्धवार्षिक समीक्षा


नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बालुवाटार, काठमाडौं

# विषय-सूची


पृष्ठभूमि ........................................................................................१

मौद्रिक नीतिको दोस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति..................................................१

विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य ........................................................................१

आन्तरिक आर्थिक तथा वित्तीय स्थिति ......................................................................२

मुद्रास्फीति ........................................................................................२

बाह्य क्षेत्र........................................................................................३

सरकारी वित्त ........................................................................................३

मौद्रिक तथा वित्तीय क्षेत्र.......................................................................... ४

आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य ............................................. ५

आर्थिक वृद्धि ....................................................................................... ५

मुद्रास्फीति ........................................................................................ ५

वाह्य क्षेत्र ........................................................................................६

नीतिगत व्यवस्था ........................................................................................६

# आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा

## पृष्ठभूमि

१. समष्टिगत आर्थिक स्थायित्व र दिगो आर्थिक विकासका लागि मूल्य र शोधनान्तर स्थिरता एवम् वित्तीय स्थायित्व कायम गर्ने मूलभूत उद्देश्यका साथ आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति २०८१ साउन ११ गते र सोको पहिलो त्रैमासिक समीक्षा २०८१ मंसिर १४ गते सार्वजनिक गरिएको थियो । मौद्रिक नीतिको दोस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति, आन्तरिक तथा बाह्य आर्थिक एवम् वित्तीय गतिविधि तथा चालु आर्थिक वर्षको बाँकी अवधिको समष्टिगत आर्थिक परिदृश्यका आधारमा मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गरिएको छ ।

## मौद्रिक नीतिको दोस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति

२. मुद्रास्फीतिलाई ५ प्रतिशतको हाराहारीमा राख्न मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गर्ने नीति लिइएकोमा चालु आर्थिक वर्षको ६ महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति ४.९७ प्रतिशत रहेको छ ।

३. कम्तिमा ७ महिनासम्मको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०८१ पुस मसान्तमा कायम विदेशी विनिमय सञ्चिति करिव १४.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

४. आर्थिक वर्ष २०८१/८२ मा विस्तृत मुद्राप्रदाय १२.० प्रतिशतसम्म र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा १२.५ प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण गरिएकोमा २०८१ पुस मसान्तमा वार्षिक बिन्दुगत आधारमा विस्तृत मुद्राप्रदाय १०.२ प्रतिशतले र बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले वृद्धि भएको छ ।

**तालिका १ : मौद्रिक परिसूचकको प्रक्षेपण तथा प्रगति**

| शीर्षक | आर्थिक वर्ष २०८१/८२ को प्रक्षेपण | २०८१ पुसको वार्षिक बिन्दुगत |
|---|---|---|
| विस्तृत मुद्राप्रदाय | १२.०० प्रतिशतसम्म | १०.२० प्रतिशत |
| निजी क्षेत्रतर्फ जाने कर्जा | १२.५० प्रतिशतसम्म | ७.०० प्रतिशत |

५. ब्याजदर उतारचढाव व्यवस्थापनका लागि कार्यान्वयनमा ल्याइएको ब्याजदर करिडोरलाई थप प्रभावकारी बनाउँदै लगिएको छ । ब्याजदर करिडोरको माथिल्लो सीमा ६.५ प्रतिशत र तल्लो सीमा ३.० प्रतिशत रहेकोमा २०८१ माघमा बैंक तथा वित्तीय संस्थाहरुको भारित औसत अन्तरबैंक दर ३.०० प्रतिशत कायम भएको छ ।

६. आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिमा गरिएका वित्तीय क्षेत्र तथा विदेशी विनिमयसँग सम्बन्धित अधिकांश नियामकीय व्यवस्थाहरु कार्यान्वयनमा आएका छन् ।

## विश्व अर्थतन्त्रको स्थिति र परिदृश्य

७. विश्व अर्थतन्त्र सुधारोन्मुख रहेतापनि पछिल्लो समयमा देखिएको भूराजनीतिक परिस्थितिका कारण अनिश्चितताको अवस्था कायम नै रहेको छ । विकसित मुलुकहरुले अवलम्बन गर्न थालेका व्यापार, आप्रवासन र वैदेशिक सहयोग नीतिका कारण विश्वव्यापी रुपमा आर्थिक वृद्धि र मुद्रास्फीतिमा असर पर्नसक्ने जोखिम छ ।

८. विश्वको आर्थिक वृद्धिदर सन् २०२३ मा ३.३ प्रतिशत र सन् २०२४ मा ३.२ प्रतिशत रहेकोमा सन् २०२५ मा ३.३ प्रतिशत रहने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्राकोषले गरेको छ ।

९. सन् २०२४ मा १.७ प्रतिशतले विस्तार भएको विकसित अर्थतन्त्र सन् २०२५ मा १.९ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ । त्यसैगरी, सन् २०२४ मा ४.२ प्रतिशतले विस्तार भएको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर सन् २०२५ मा पनि ४.२ प्रतिशतले नै वृद्धि हुने कोषको प्रक्षेपण छ ।

१०. सन् २०२४ मा भारत र चीनको अर्थतन्त्र क्रमशः ६.५ प्रतिशत र ४.८ प्रतिशतले विस्तार भएको अनुमान गरिएकोमा सन् २०२५ मा क्रमशः ६.५ प्रतिशत र ४.६ प्रतिशतले विस्तार हुने कोषको प्रक्षेपण छ ।

११. सन् २०२४ मा ५.७ प्रतिशत रहेको अनुमान गरिएको विश्वको उपभोक्ता मुद्रास्फीति सन् २०२५ मा ४.२ प्रतिशत रहने प्रक्षेपण कोषले गरेको छ । विकसित अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा २.६ प्रतिशत रहेको अनुमान छ भने सन् २०२५ मा २.१ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ । यद्यपि, विश्व मुद्रास्फीतिमा चाप पर्न सक्ने जोखिम भने अझै बढेको कोषको विश्लेषण छ । उदीयमान तथा विकासशील अर्थतन्त्रको मुद्रास्फीति सन् २०२४ मा ७.८ प्रतिशत रहेको अनुमान गरिएकोमा सन् २०२५ मा ५.६ प्रतिशतमा सीमित हुने प्रक्षेपण छ ।

१२. मुद्रास्फीतिमा सुधारसँगै अन्तर्राष्ट्रिय स्तरमा खुकुलो मौद्रिक नीति अवलम्बन गर्न थालिएको छ । अमेरिकाको केन्द्रीय बैंक फेडरल रिजर्भले नीतिगत दरको रुपमा रहेको फेडरल फण्ड्स रेटलाई सन् २०२४ सेप्टेम्बरबाट घटाउँदै सन् २०२४ डिसेम्बरमा ४.२५-४.५० प्रतिशत कायम गरेको छ । यद्यपि, फेडरल ओपन मार्केट्स अपरेसन्स् कमिटिको सन् २०२५ जनवरीको बैठकले फेडरल फण्ड्स रेटमा परिवर्तन गरेको छैन । युरोपियन केन्द्रीय बैंकले पनि लचिलो मौद्रिक अडानलाई निरन्तरता दिँदै निक्षेप सुविधा दरलाई सन् २०२५ फेब्रुअरीमा थप २५ आधार विन्दुले घटाई २.७५ प्रतिशत कायम गरेको छ ।

१३. भारतीय रिजर्भ बैंकले सन् २०२३ फेब्रुअरीदेखि ६.५ प्रतिशतमा स्थिर राख्दै आएको नीतिगत दरलाई सन् २०२५ फेब्रुअरीमा २५ आधार विन्दुले घटाई ६.२५ प्रतिशत कायम गरेको छ । जापानको केन्द्रीय बैंकले भने नीतिगत दरको रुपमा रहेको ओभरनाइट कल रेट ०.२५ प्रतिशतबाट दोब्बर गरी ०.५० प्रतिशत कायम गर्दै सन् २००८ यताकै उच्च बनाएको छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### मुद्रास्फीति

**तालिका २ : वार्षिक औसत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ (६ महिनाको औसत) |
|---|---|---|---|---|
| समग्र मुद्रास्फीति | ६.३२ | ७.७४ | ५.४४ | ४.९७ |
| खाद्य तथा पेय | ५.६९ | ६.६२ | ६.४७ | ७.५३ |
| गैर-खाद्य तथा सेवा | ६.८३ | ८.६२ | ४.६४ | ३.५६ |

१४. चालु आर्थिक वर्षको ६ महिनासम्ममा औसत उपभोक्ता मुद्रास्फीति ४.९७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.४४ प्रतिशत रहेको थियो । वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०८१ पुसमा ५.४१ प्रतिशत रहेको छ । २०८० पुसमा वार्षिक बिन्दुगत मुद्रास्फीति ५.२६ प्रतिशत रहेको थियो ।

१५. २०८१ पुसमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ४.०१ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ३.३६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा तलब तथा ज्याला सूचकाङ्क २.८५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क ५.५६ प्रतिशतले बढेको थियो ।

## बाह्य क्षेत्र

१६. आर्थिक वर्ष २०८१/८२ को ७ महिनासम्ममा कुल वस्तु निर्यात ४६.५ प्रतिशतले वृद्धि भई रु.१२७ अर्ब २० करोड पुगेको छ भने वस्तु आयात १०.१ प्रतिशतले वृद्धि भई रु.९८८ अर्ब ५९ करोड पुगेको छ। गत वर्षको सोही अवधिको तुलनामा व्यापार घाटा ६.२ प्रतिशतले बढेर रु.८६१ अर्ब ३८ करोड पुगेको छ।

१७. विप्रेषण आप्रवाहको वृद्धिदर पछिल्ला महिनाहरुमा एकल अंकमा कायम भएको छ। समीक्षा अवधिमा विप्रेषण आप्रवाह अमेरिकी डलरमा ११ प्रतिशतले वृद्धि भई ५ अर्ब ५८ करोड अमेरिकी डलर (रु.७६३ अर्ब ८ करोड) पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर १९.५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८१/८२ को ६ महिनासम्ममा चालु खाता रु.१४८ अर्ब १७ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.१६२ अर्ब ५६ करोडले बचतमा रहेको थियो। अघिल्लो आर्थिक वर्षको ६ महिनासम्ममा रु.२७३ अर्ब ५२ करोडले बचतमा रहेको शोधनान्तर स्थिति चालु आर्थिक वर्षको ६ महिनासम्ममा रु.२४९ अर्ब २६ करोडले बचतमा रहेको छ।

१८. विगत ३ वर्षयता वर्षेनी करिव ७ लाख नेपालीहरु वैदेशिक रोजगारीका लागि वाहिरिएका छन्। त्यसैगरी, वर्षेनी करिव १ लाख विद्यार्थीले वैदेशिक अध्ययनका लागि स्वीकृति लिएका छन्। पछिल्ला केही महिनायता विकसित अन्तर्राष्ट्रिय घटनाक्रमले भने यसरी विदेशिने क्रम प्रभावित हुने सम्भावना छ। यसको परिणामस्वरुप अर्थतन्त्रको वाह्य क्षेत्र सन्तुलन र आन्तरिक उत्पादन एवम् उपभोग दुवैमा असर पर्न सक्ने देखिन्छ।

**तालिका ३: वैदेशिक रोजगारी तथा अध्ययन स्वीकृति**

| आर्थिक वर्ष | वैदेशिक रोजगारीमा जानेको संख्या | | | अध्ययन स्वीकृति लिनेको संख्या |
|---|---|---|---|---|
| | अन्तिम श्रम स्वीकति (संस्थागत तथा व्यक्तिगत नयाँ) | पुनः श्रम स्वीकृति | कुल श्रम स्वीकृति | |
| २०७८/७९ | ३,५४,६६० | २,८२,४५३ | ६,३७,११३ | ९५,५३२ |
| २०७९/८० | ४,९७,७०४ | २,७७,२७२ | ७,७४,९७६ | १,०२,६१० |
| २०८०/८१ | ४,६०,१०३ | २,८१,१९९ | ७,४१,३०२ | १,१२,५९३ |
| २०८१/८२ (७ महिनासम्म) | २,७४,६२२ | १,९०,८८६ | ४,६५,५०८ | ५५,०७७ |

स्रोतः नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय एवम् नेपाल सरकार, वैदेशिक रोजगार विभाग।

## सरकारी वित्त

१९. अघिल्लो आर्थिक वर्षको तुलनामा सरकारी खर्च र राजस्व परिचालनमा सुधार भएको छ। नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) को तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ को ७ महिनासम्ममा संघीय सरकारको कुल खर्च अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.९ प्रतिशतले बढेको छ। यस अवधिमा नेपाल सरकारको रु.७५४ अर्ब ८५ करोडको कुल खर्चमध्ये चालु खर्च रु.५२२ अर्ब ६३ करोड, पुँजीगत खर्च रु.६८ अर्ब ४२ करोड र वित्तीय व्यवस्था खर्च रु.१६३ अर्ब ८१ करोड रहेको छ।

२०. आर्थिक वर्ष २०८१/८२ को ७ महिनासम्ममा संघीय सरकारको राजस्व परिचालन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.३ प्रतिशतले बढेको छ। यस अवधिमा रु.६४२ अर्ब ८५ करोड राजस्व परिचालन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा रु.५६७ अर्ब ४० करोड राजस्व परिचालन भएको थियो। नेपाल सरकार, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को ७ महिनासम्ममा रु.२२९ अर्ब १५ करोड आन्तरिक ऋण र रु.६१ अर्ब ४२ करोड वाह्य ऋण गरी नेपाल सरकारले कुल रु.२९० अर्ब ५८ करोड ऋण परिचालन गरेको छ।

## मौद्रिक तथा वित्तीय क्षेत्र

२१. तरलता सहज भएसँगै अल्पकालीन ब्याजदर लगायत बैंक तथा वित्तीय संस्थाहरुको आधार दर तथा निक्षेप र कर्जाको ब्याजदरसमेत घटेको छ। सञ्चालन लक्ष्यको रुपमा रहेको बैंक तथा वित्तीय संस्थाहरुबीचको भारित औसत अन्तरबैंक दर २०८० माघमा ३.०४ प्रतिशत रहेकोमा २०८१ माघमा ३.०० प्रतिशत रहेको छ।

२२. आर्थिक वर्ष २०८१/८२ को ७ महिनासम्ममा निक्षेप संकलन बोलकबोलमार्फत रु.१८ खर्ब ९ अर्ब ५५ करोड र स्थायी निक्षेप सुविधामार्फत रु.१३० खर्ब ५२ अर्ब गरी कुल रु.१४८ खर्ब ६१ अर्ब ५५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन गरिएको छ। यस अवधिमा ओभरनाइट तरलता सुविधामार्फत रु.२ अर्ब ७० करोड तरलता प्रवाह हुँदा रु.१४८ खर्ब ५८ अर्ब ८५ करोड (कारोबारमा आधारित) खुद तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा ओभरनाइट तरलता सुविधा र स्थायी तरलता सुविधामार्फत तरलता प्रवाह र निक्षेप संकलन बोलकबोलमार्फत तरलता प्रशोचन हुँदा रु.२७ अर्ब ९४ करोड खुद तरलता प्रशोचन भएको थियो।

२३. आर्थिक वर्ष २०८१/८२ को ७ महिनासम्ममा यस बैंकबाट २ अर्ब ८७ करोड अमेरिकी डलर खरिदमार्फत रु.३८७ अर्ब ५६ करोड खुद तरलता प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा ३ अर्ब १९ करोड अमेरिकी डलर खरिदमार्फत रु.४२४ अर्ब खुद तरलता प्रवाह भएको थियो।

२४. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ रु.२६५ अर्ब ५६ करोड थप कर्जा प्रवाह भएको छ। अघिल्लो वर्षको सोही अवधिमा निजी क्षेत्रतर्फ रु.१९२ अर्ब ६४ करोड थप कर्जा प्रवाह भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ७.० प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.९ प्रतिशतले बढेको थियो। बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप वार्षिक बिन्दुगत आधारमा २०८१ पुस मसान्तमा ९.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा निक्षेपको वृद्धिदर १४.९ प्रतिशत रहेको थियो।

२५. २०८० पुसमा ९.३५ प्रतिशत रहेको वाणिज्य बैंकहरुको औसत आधार दर २०८१ पुसमा ६.६५ प्रतिशत कायम भएको छ। त्यसैगरी, २०८० पुसमा ७.३२ प्रतिशत रहेको वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर २०८१ पुसमा ४.७५ प्रतिशत कायम भएको छ। २०८० पुसमा ११.३८ प्रतिशत रहेको वाणिज्य बैंकहरुको कर्जाको भारित औसत ब्याजदर २०८१ पुसमा ८.६९ प्रतिशत रहेको छ।

**तालिका ४: वाणिज्य बैंकको ब्याजदर (प्रतिशतमा)**

| शीर्षक | २०७९ | | २०८० | | २०८१ |
|---|---|---|---|---|---|
| | पुस मसान्त | माघ मसान्त | पुस मसान्त | माघ मसान्त | पुस मसान्त |
| औसत आधार दर | १०.९१ | १०.७२ | ९.३५ | ९.०६ | ६.६५ |
| भारित औसत निक्षेप दर | ८.५१ | ८.४१ | ७.३२ | ७.०१ | ४.७५ |
| भारित औसत कर्जा दर | १२.७९ | १३.०३ | ११.३८ | ११.०८ | ८.६९ |

२६. बैंक तथा वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा अनुपात २०८० पुसमा ३.७३ प्रतिशत रहेकोमा २०८१ पुसमा ४.९२ प्रतिशत पुगेको छ। २०८१ पुसमा वाणिज्य बैंकको ४.७३ प्रतिशत, विकास बैंकको ५.११ प्रतिशत र वित्त कम्पनीको १२.८५ प्रतिशत निष्क्रिय कर्जा अनुपात रहेको छ। २०८० पुसमा वाणिज्य बैंकको ३.६३ प्रतिशत, विकास बैंकको ३.६१ प्रतिशत र वित्त कम्पनीको ९.१८ प्रतिशत निष्क्रिय कर्जा अनुपात रहेको थियो।

२७. पछिल्लो समय डिजिटल माध्यमबाट हुने कारोबार रकम र संख्या दुवै विस्तार हुँदै गएको छ। समीक्षा अवधिमा Real Time Gross Settlement System (RTGS) मार्फत भएको कारोबार रकम अघिल्लो वर्षको सोही अवधिको रु.१५२ खर्ब ८३ अर्ब ८१ करोडको तुलनामा १६३.७६ प्रतिशतले वृद्धि भई रु.४०३ खर्ब ११ अर्ब ९१

करोड पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा RTGS कारोबार संख्या ३ लाख ९८ हजार पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कारोबार संख्या ३ लाख ७६ हजार रहेको थियो । यसका साथै, मोबाइल बैंकिङ, क्युआर, डिजिटल वालेट लगायतका शीघ्र भुक्तानी (Fast Payment) का माध्यमको उपयोग व्यापक हुँदै गएको छ ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थितिको समीक्षा र परिदृश्य

### आर्थिक वृद्धि

२८. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्षको पहिलो त्रयमासमा आर्थिक वृद्धि ३.४ प्रतिशत रहेको अनुमान छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो आर्थिक वृद्धि ३.६ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्षको पुस मसान्तसम्म धान उत्पादन ४.०४ प्रतिशतले बढेको अनुमान छ । चालु आर्थिक वर्षको तेस्रो र चौथो त्रयमासमा पूर्वाधार विकास लगायतका सार्वजनिक एवम् निजी निर्माणले थप गति लिएमा विगत २ वर्षदेखि संकुचनमा रहेका निर्माण र उत्पादनमूलक उद्योगजस्ता कुल गार्हस्थ्य उत्पादनका उपक्षेत्रमा सुधार आउने अनुमान छ ।

२९. आर्थिक वर्ष २०८१/८२ को ६ महिनासम्मको कर्जा प्रवाह विश्लेषण गर्दासमेत आर्थिक गतिविधि विस्तारको क्रममा रहेको अनुमान छ । चालु आर्थिक वर्षको ६ महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट औद्योगिक उत्पादन क्षेत्रतर्फ ८.४ प्रतिशत (रु.६८ अर्ब ४१ करोड), उपभोग्य क्षेत्रतर्फ ५.८ प्रतिशत (रु.५८ अर्ब ४० करोड), थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फ ४.८ प्रतिशत (रु.४८ अर्ब ३४ करोड) र निर्माण क्षेत्रतर्फ ७.७ प्रतिशत (रु.१५ अर्ब ९४ करोड) ले कर्जा विस्तार भएको छ ।

३०. विगत २ वर्षदेखि ऋणात्मक वृद्धि रहेको उत्पादनमूलक उद्योग र निर्माण क्षेत्रले अझै गति लिन सकेको छैन । यद्यपि, जलविद्युत उत्पादनमा हुँदै गएको वृद्धि, वैदेशिक व्यापारमा भएको विस्तार र पर्यटन क्षेत्रमा देखिएको सुधारले आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने देखिन्छ । यसका साथै निजी क्षेत्रको लगानी अभिवृद्धिका लागि नेपाल सरकारले हालै गरेका कानुनी सुधारहरुको कार्यान्वयनबाट लगानीको वातावरणमा सुधार आउने विश्वास छ ।

**तलिका ५: आर्थिक वृद्धि र प्रक्षेपण (प्रतिशत)**

| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) | | | प्रक्षेपण |
|---|---|---|---|
| २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ५.६३ | १.९५ | ३.८७ | ६.०* |
| | | अन्तर्राष्ट्रिय मुद्राकोष | ४.९** |
| | | विश्व बैंक | ५.१$ |
| | | एशियाली विकास बैंक | ४.९# |

** नेपाल सरकारको लक्ष्य ।*
***IMF, Nepal.*
*$ Nepal Development Update, World Bank, October 2024.*
*# Asian Development Outlook, ADB, December 2024.*

### मुद्रास्फीति

३१. चालु आर्थिक वर्षको ६ महिनासम्ममा औसत मुद्रास्फीति ४.९७ प्रतिशत रहेको छ । २०८१ असोजको बाढी/पहिरोबाट भएको क्षतिका कारण आपूर्ति प्रणालीमा उत्पन्न व्यवधान तथा भारतमा खाद्यान्नको मूल्य उच्च रहेकाले खाद्यान्न समूहको मुद्रास्फीतिमा चाप पर्न गई कार्तिक र मंसिरमा बढ्दो क्रममा रहेको मुद्रास्फीति पुसमा केही तल आएको छ ।

३२. अन्तर्राष्ट्रियस्तरमा रहेको अनिश्चितताका बाबजूद पेट्रोलियम पदार्थको मूल्यमा धेरै उतारचढाव नहुने र गैर-खाद्य समूहको मूल्यमा थप चाप नपर्ने एवम् पछिल्लो समय देखिएको व्यापार द्वन्द्वको प्रभाव कम गर्न अन्य मुलुकहरुले वैकल्पिक रणनीति अपनाउने विश्लेषण छ । यसका साथै, नेपालको करिव ६२ प्रतिशत व्यापार भारतसँग रहेको एवम् नेपाली मुद्राको विनिमयदर भारतीय मुद्रासँग स्थिर रहेको सन्दर्भमा भारतीय रिजर्व बैंकको मुद्रास्फीति लक्षित मौद्रिक नीतिका कारण समेत मूल्य स्थायित्व कायम गर्न सहयोग पुग्ने अनुमान

छ । तथापि, पछिल्लो समय नेपाली मुद्रा अमेरिकी डलरसँग अवमूल्यन भईरहेकोले आयातीत सामानको मूल्यमार्फत समग्र मुद्रास्फीतिमा चाप पर्ने जोखिम भने कायम नै रहेको छ ।

३३. यी विश्लेषणका आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिमा मुद्रास्फीतिको प्रवृत्ति सामान्य रही आर्थिक वर्ष २०८१/८२ को वार्षिक औसत मुद्रास्फीति ५.० प्रतिशतको हाराहारीमा रहने अनुमान छ ।

### वाह्य क्षेत्र

३४. वाह्य क्षेत्रका परिसूचकहरुले आर्थिक गतिविधिमा सुधार हुँदै गएको संकेत गरेका छन् । विगत तीन वर्षदेखि सुस्त रहेको वाह्य व्यापार चालु आर्थिक वर्षमा विस्तारोन्मुख रहेको छ । आर्थिक वर्ष २०८१/८२ को ७ महिनासम्ममा वस्तु निर्यात ४६.५ प्रतिशतले र वस्तु आयात १०.१ प्रतिशतले वृद्धि भएको छ । वस्तु निर्याततर्फ मुख्यगरी सोयाविन तेल, पोलिस्टर धागो, ऊनी गलैंचा, लत्ताकपडा र अलैंचीको निर्यात उल्लेख्य वृद्धि भएको छ । अन्तिम उपभोग्य वस्तुको तुलनामा मध्यवर्ती तथा पूँजीगत वस्तुहरु जस्तै सवारी साधन तथा पार्टपुर्जा, अन्य मेशीनरी तथा पार्टपुर्जा, कच्चा सोयाविन तेल, स्पोन्ज आइरन आदिको आयात वृद्धि भएकोले समेत आर्थिक क्रियाकलाप विस्तारले गति लिने अनुमान छ ।

३५. वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्यामा भएको वृद्धिका कारण विप्रेषण आप्रवाह बढ्ने अनुमान रहेतापनि बढ्दो आयातसँगै विदेशी विनिमय सञ्चिति क्रमशः उपयोग हुँदै जाने देखिन्छ । विदेशी विनिमय सञ्चितिको विद्यमान स्रोत तथा खर्चका क्षेत्रहरुको विश्लेषणका आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिमा पनि शोधनान्तर बचत कायम रहने अनुमान छ ।

## नीतिगत व्यवस्था

३६. मूल्य वृद्धिको पछिल्लो प्रवृत्तिले नीतिगत दर बढाउनु पर्ने आवश्यकता औंल्याएको भएतापनि आर्थिक क्रियाकलाप विस्तारलाई समेत उच्च प्राथमिकतामा राख्नु पर्ने भएका कारण आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति जारी गर्दा लिइएको सजगतापूर्वक लचिलो कार्यदिशालाई यथावत राखिएको छ ।

३७. मौद्रिक नीतिको विद्यमान नीतिगत दरलाई ५.० प्रतिशत, ब्याजदर करिडोर अन्तर्गतको तल्लो सीमाको रुपमा रहेको निक्षेप संकलन दरलाई ३.० प्रतिशत र ब्याजदर करिडोर अन्तर्गतको माथिल्लो सीमाको रुपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत राखिएको छ ।

३८. अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातलाई यथावत राखिएको छ ।

३९. लघुवित्त वित्तीय संस्थाहरुको कर्जाको ब्याजदर २०८२ जेठदेखि आधार दरसँग आवद्ध गरी तय गर्नुपर्ने व्यवस्था गरिनेछ ।

४०. व्यक्तिगत सवारी साधन र सबै प्रकारका विद्युतीय सवारी साधनको ऋण मूल्य अनुपात (Loan to Value Ratio) को सीमालाई ६० प्रतिशत कायम गरिनेछ ।

४१. असल कर्जाको विद्यमान १.१० प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई १.० प्रतिशत कायम गरिनेछ ।

४२. नन् डेलिभरेबल फरवार्डको हकमा प्राथमिक पुँजीको विद्यमान १५ प्रतिशतको सीमालाई वृद्धि गरी २० प्रतिशत कायम गरिनेछ ।

## अन्त्यमा,

४३. सजगतापूर्वक लचिलो कार्यदिशालाई निरन्तरता दिइएको मौद्रिक नीतिबाट मूल्य स्थिरता तथा बाह्य क्षेत्र स्थायित्व कायम राख्दै आर्थिक क्रियाकलाप विस्तारमा थप सहयोग पुग्नगई नेपाल सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

४४. चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाको क्रममा प्रत्यक्ष/परोक्ष रुपमा सहयोग पुऱ्याउने मौद्रिक नीति सुझाव समिति लगायत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै मौद्रिक नीतिको कार्यान्वयनमा सदाझैँ सबैको सहयोग रहने यस बैंकको विश्वास रहेको छ ।

***१३ फागुन २०८१ ।***